# Westerville City Schools

936 Eastwind Dr., Westerville, OH 43081
मुख्य कार्यालय (614) 797-5700    फ्याक्स (614) 797-5701


**Vision**
Our vision is to be the benchmark of educational excellence.

**Mission**
Our mission is to prepare students to contribute to the competitive and changing world in which we live.

**Values**
Respect
Inclusiveness
Community
Communication
Collaboration
Innovation
Nurturing
Trust
Accountability

## पूरा-दिन किन्डरगार्टेन
## शिक्षण शुल्क सहयोग जानकारी तथा आवेदन
## 2019-20 शैक्षिक वर्ष

Westerville City Schools (वेस्टरभिल सिटी स्कुलस्) ले सबै विद्यार्थीहरूलाई नि:शुल्क, आधा-दिन किन्डरगार्टेनको अवसर नियमित रूपमा उपलब्ध गराउँदै आएको छ।

पूरा-दिन किन्डरगार्टेनमा आफ्नो बच्चा/बच्चाहरू भर्ना गर्न रोज्ने आमाबुबा/अभिभावकहरूबाट किन्डरगार्टेन विद्यार्थीहरूलाई लाग्ने नियमित विद्यालय शुल्कका अतिरिक्त प्रति विद्यार्थी $3,000 को वार्षिक शिक्षण शुल्क लिइनेछ। पूर्ण शिक्षण शुल्क प्रति विधार्थी $3,000 वा 10 महिनाका लागि प्रति महिना $300 हो। शिक्षण शुल्कको पहिलो भुक्तानी कार्यक्रममा स्वीकृत भएपछि बुझाइनुपर्छ र यसलाई अगष्टको भुक्तानीको रूपमा लिइन्छ। बाँकी 9 महिनाको शिक्षण शुल्कको भुक्तानी सेप्टेम्बरदेखि शुरू हुनेगरी मासिक रूपमा गरिनुपर्नेछ। यदि परिवारले अगष्ट 1, 2019 भन्दा अगाडि पूरा-दिन किन्डरगार्टेन कार्यक्रममा आफ्नो भर्ना रद्द गर्छ भने शिक्षण शुल्क पूरा फिर्ता दिइनेछ।

हामीले परिवारको आर्थिक अवस्था अप्रत्याशित रूपमा परिवर्तन हुनसक्ने कुरा बुझेका छौं। कृपया यो कुरा जान्नुहोस् कि पूरा-दिन किन्डरगार्टेन कार्यक्रममा सिट स्वीकार गर्ने परिवारहरूले कार्यक्रममा आफ्नो बच्चा/बच्चाहरू भर्ना भएको वर्षको दौरानमा कुनै पनि समयमा शिक्षण शुल्क सहयोगका लागि आवेदन दिन सक्नुहुन्छ। यदि परिवार शिक्षण शुल्क सहयोगका लागि योग्य भएमा पूरा-दिन किन्डरगार्टेनको शिक्षण शुल्कलाई, बाँकी रहेका शिक्षण शुल्कहरूका लागि, **कुल** आयलाई आधार मानेर समायोजन गरिनेछ।

यदि तपाईं आफू योग्य रहेको र अहिले नै पूरादिन किन्डरगार्टेन- शिक्षण शुल्क सहयोगका लागि आवेदन दिन चाहनुहुन्छ भने तल सूचिकृत आय निर्देशनहरू 2019-20 को शैक्षिक वर्षका लागि लागू हुनेछन्। मात्र आवेदन (परिपूरकीय दस्तावेज सहित) लाई पूरा भर्नुहोस् र आफ्नो स्वीकृति फारमलाई अप्रिल 12, 2019 सम्म निम्न ठेगानामा फिर्ता पठाइदिनुहोस्: Office of Elementary Academic Affairs, 936 Eastwind Dr., Westerville, Ohio 43081

**2019-20 वार्षिक आय निर्देशनहरू (कुल आयमा आधारित)**

<u>वार्षिक आय रूपान्तरण</u>:

मासिक x 12, हरेक 2 हप्ता x 26, महिनामा दुई पटक x 24 वा साप्ताहिक x 52

| | वार्षिक ADK शिक्षण शुल्क | | |
|---|---|---|---|
| **परिवारको आकार** | **$0/वर्ष** | **$400/वर्ष** | **$1,500/वर्ष** |
| 2 | $21,408 | $30,456 | $39,504 |
| 3 | $27,024 | $38.448 | $49,872 |
| 4 | $32,640 | $46,440 | $60,240 |
| 5 | $38,256 | $54,432 | $70,608 |
| 6 | $43,872 | $62,424 | $80,976 |
| परिवारको हरेक अतिरिक्त सदस्यका लागि | $5,616 | $7,992 | $10,368 |

# Westerville City Schools

936 Eastwind Dr., Westerville, OH 43081
मुख्य कार्यालय (614) 797-5700 फ्याक्स (614) 797-5701


**Vision**
Our vision is to be the benchmark of educational excellence.

**Mission**
Our mission is to prepare students to contribute to the competitive and changing world in which we live.

**Values**
Respect
Inclusiveness
Community
Communication
Collaboration
Innovation
Nurturing
Trust
Accountability

शिक्षण शुल्क वा शिक्षण शुल्क सहयोगको आवेदन प्राप्त नहुँदासम्म कार्यक्रममा विद्यार्थीको सिट सुरक्षित हुनेछैन। परिवारहरूलाई हुलाक मार्फत उनीहरूको स्वीकृत शिक्षण शुल्क भुक्तानीको बारे जानकारी गराइनेछ र परिवारहरूले भुक्तानीलाई शिक्षण शुल्क सहयोग स्वीकृति पत्रमा तोकिएको मितिसम्म बुझाइसक्नुपर्छ।

पूरादिन किन्डरगार्टेन- कार्यक्रममा परिवारको सहभागिता शिक्षण शुल्क सहयोगमा मात्र निर्भर रहेको र आवेदन स्वीकृत नभएमा परिवारले पूरा दिन-कार्यक्रमलाई अस्वीकार गर्न सक्छन् र सिट उपलब्ध भएमा उनीहरूका लागि तोकिएको गृह विद्यालयको आधा-दिन किन्डरगार्टेनमा आफ्नो बच्चा/बच्चाहरूलाई पढ्न पठाउन सक्छन्।

हरेक पूरादिन किन्डरगार्टेन- शिक्षण शुल्क सहयोग आवेदन आय प्रमाणीकरण, परिवारको आकार, र यदि लागू हुने भएमा संरक्षकत्व जिम्माको/मानाचामल भराइएको कागजपत्रको विषय हुनेछन्। योग्यताको अन्तिम निर्धारणका लागि तपाईंले आवेदनलाई पूरा भर्नु र आवश्यक सबै कागजपत्रहरू उपलब्ध गराउनु जरूरी हुन्छ। आवश्यक जानकारी उपलब्ध गराउन असफल हुनु भनेको परिवार शिक्षण शुल्क सहयोगका लागि योग्य नहुनु हो।

## खण्ड I: परिवारको जानकारी

पूरा-दिन किन्डरगार्टेनमा आउने विद्यार्थीको नाम: ____________________________________________

(कृपया अक्षर नजोडिकन लेख्नुहोस: नाम, थर)

आमा/बुबा/अभिभावकको नाम तथा फोन नम्बर : ____________________________________________

(कृपया अक्षर नजोडिकन लेख्नुहोस: नाम, थर)

कृपया आफ्नो परिवारको सबै सदस्यहरूको नाम लेख्नुहोस्:

| परिवारको सदस्यहरूको नाम | हरेक बच्चाको विद्यालयको नाम वा यदि विद्यालय जाँदैनन् भने NA | यदि कुनै आय नभएमा बाकसमा ठीक चिन्ह लगाउनुहोस् |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

# Westerville City Schools

936 Eastwind Dr., Westerville, OH 43081
मुख्य कार्यालय (614) 797-5700    फ्याक्स (614) 797-5701

**Vision**
Our vision is to be the benchmark of educational excellence.

**Mission**
Our mission is to prepare students to contribute to the competitive and changing world in which we live.

**Values**
Respect
Inclusiveness
Community
Communication
Collaboration
Innovation
Nurturing
Trust
Accountability

## खण्ड II: आय सम्बन्धी जानकारी

कृपया परिवारको सबैको **कुल** आय लेख्नुहोस् (कटौती गरिनु भन्दा अगाडिको):

| आय भएको परिवारको सदस्यको नाम | कटौती गरिनु भन्दा अगाडि कामबाट हुने कूल आय | वार्षिक | मासिक | पाक्षिक | प्रति हप्ता | वेलफेयर/बच्चाको भरणपोषण/मानाचामल | वार्षिक | मासिक | पाक्षिक | प्रति हप्ता | अन्य सबै आय (जस्तो कि सामाजिक सुरक्षा, SSI, VA, निवृत्तिभरण वा बेरोजगारी भत्ता) | वार्षिक | मासिक | पाक्षिक | प्रति हप्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | $ | | | | | $ | | | | | $ | | | | |
| | $ | | | | | $ | | | | | $ | | | | |
| | $ | | | | | $ | | | | | $ | | | | |
| | $ | | | | | $ | | | | | $ | | | | |
| | $ | | | | | $ | | | | | $ | | | | |
| | $ | | | | | $ | | | | | $ | | | | |

## खण्ड III: आय प्रमाणीकरण

पूरा-दिन किन्डरगार्टेन शिक्षण शुल्क सहयोगका लागि स्वीकृत हुनका लागि, कृपया एक महिनाको आयको प्रमाण बुझाउनुहोस् । तपाईँले यो आवेदन दिँदा भन्दा पहिलेको महिना, आवेदन दिएकै महिना, वा त्यसपछिको कुनै महिना पनि सो कामका लागि प्रयोग गर्न सक्नुहुन्छ । यदि बुझाइएका दस्तावेजहरूले तल दिइएका आवश्यकताहरू पूरा गर्दैनन् भने, अतिरिक्त दस्तावेजहरूको आवश्यकता हुन सक्छ ।

कृपया आयको हरेक स्रोतबाट तपाईंले प्राप्त गर्ने रकम देखाउने कागजपत्रहरू बुझाउनुहोस् । तपाईंले पठाउने कागजपत्रहरूमा आय प्राप्त गर्ने व्यक्तिको नाम, यो प्राप्त गरिएको मिति, कति प्राप्त गरिएको थियो र यसलाई कति पटक प्राप्त गरिएको थियो भन्ने जानकारी स्पष्ट देखाइएको हुनुपर्छ:

स्वीकार्य कागजपत्रहरूमा निम्न पर्दछन्:

- रोजगारी: तलबको अर्धकट्टीहरू वा तलब राखेर दिइएको खाम जसले रकम र कति पटक भुक्तानी प्राप्त गरिएको छ भनेर देखाउँछ; कुल तलब र कति पटक तपाईंलाई भुक्तानी गरिन्छ भनेर जानकारी गराउने रोजगारदाताको पत्र ।
- 2018 संघीय कर दाखिला । (1040 वा 1040EZ)
- सामाजिक सुरक्षा निवृत्तिभरण सुविधा सम्बन्धी पत्र, प्राप्त सुविधाहरूको विवरण वा निवृत्तिभरण प्रदान गरिएको सूचना ।
- बेरोजगारी, अपाङ्गता वा कर्मचारी क्षतिपूर्ति: State Employment Security Office (राज्य रोजगारी सुरक्षा कार्यालय) बाट योग्यताको सूचना, चेकको अर्धकट्टी वा कर्मचारी क्षतिपूर्तिको कार्यालयबाट प्राप्त भएको पत्र ।
- TANF, SNAP वा OWF बाट प्राप्त भएका सुविधा सम्बन्धी पत्र । (सबै पानाहरु)
- बच्चाको भरणपोषण वा मानाचामल: अदालतको आदेश, सम्झौता वा प्राप्त चेकहरूको प्रतिलिपिहरू ।
- अन्य आय (उदाहरणका लागि भाडा दिएर प्राप्त हुने आय): प्राप्त हुने आयको रकम, कति पटक प्राप्त गरिएको र प्राप्त गरिएको मितिलाई स्पष्ट देखाउने जानकारी ।
- कुनै आय नभएको: तपाईंले आफ्नो परिवारका लागि खाद्यान्न, लत्ताकपडा तथा आवासको खर्चहरू कसरी जुटाउनुहुन्छ र तपाईंले आय कहिले प्राप्त गर्ने आशा गर्नुभएको छ भनेर स्पष्ट पार्ने तपाईंको हस्ताक्षर सहितको पत्र ।
- Military Privatized Housing Initiative (मिलिटरी आवास निजीकरण पहल): तपाईंको आवास Military Privatized Housing Initiative को हिस्सा हो भनेर देखाउने पत्र वा भाडा करार ।

Vision
Our vision is
to be the benchmark
of educational
excellence.

Mission
Our mission is
to prepare students
to contribute
to the competitive
and changing world
in which we live.

Values
Respect
Inclusiveness
Community
Communication
Collaboration
Innovation
Nurturing
Trust
Accountability

# Westerville City Schools

936 Eastwind Dr., Westerville, OH 43081
मुख्य कार्यालय (614) 797-5700 फ्याक्स (614) 797-5701

**संघीय निशुल्क तथा कम शुल्कको खाना कार्यक्रम - अलग्गै आवेदन चाहिने**

पूरा-दिन किन्डरगार्टेन शिक्षण शुल्क सहयोगका लागि आवेदन दिने तथा उक्त सहयोग प्राप्त गर्न योग्य भएको परिवार Federal Free & Reduced Meal Program (संघीय नि:शुल्क तथा मूल्य घटाइएको भोजन कार्यक्रम) का लागि स्वतः स्वीकृत हुँदैन। कृपया जुलाई 1 पश्चात् www.lunchapplication.com मा उपलब्ध हुने Free & Reduced Meal अनलाइन आवेदन फारम भर्नुहोस्। कम्प्युटर वा इन्टरनेटको पहुँच नभएका परिवारहरूका लागि आवेदन हरेक विद्यालय तथा Enrollment Center (भर्ना केन्द्र) मा कागजी रूपमा पनि उपलब्ध हुन्छ।

____________________________________________________________

आमा/बुबा/अभिभावकको हस्ताक्षर मिति

पूरा-दिन किन्डरगार्टेन शिक्षण शुल्क सहयोग आवेदन भर्नुभएकोमा तपाईंलाई धन्यवाद छ। तपाईंलाई निर्णयको बारे लिखितमा सूचना गराइनेछ। यदि आवेदन प्रक्रियाको सम्बन्धमा तपाईंसँग कुनै प्रश्नहरू भएमा कुनै संकोच बिना Office of Elementary Academic Affairs (प्राथमिक शैक्षिक मामिला कार्यालय) लाई 614-797-5934 मा फोन गर्नुहोस्।

कृपया यस भागमा नभर्नुहोस्। यो भाग विद्यालयको प्रयोगका लागि मात्र हो।

वार्षिक आय रूपान्तरण: मासिक x 12, वा हरेक 2 हप्ता x 26, महिनामा दुइ पटक x 24, हप्ता x 52

कुल आय: ____________ प्रति वर्ष

परिवारको आकार: ______________

पूरा-दिन किन्डरगार्टेन शिक्षण शुल्क सहयोग योग्यता: ______________

अस्वीकार गर्नु वा फिर्ता पठाउनुको कारण: __________________________________________

निर्धारण गर्ने अधिकारीको हस्ताक्षर: ________________________________________ मिति: __________

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर: ________________________________________ मिति: __________